# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,सिद्धार्थनगरको
## विज्ञापन शुल्क उठाउने सम्बन्धी सिलवन्दी बोलपत्रपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६।०२ ।२० गते**

स्थानीय सरकार संचालन ऐन २०७४ एवं न.पा. आर्थिक ऐन २०७५ बमोजिम यस सिद्धार्थनगर नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानहरुमा व्यापारिक दृष्टिले राखिएको व्यानर, होडिङ वोर्ड, ग्लोसाइन,फलेक्सबोर्ड र प्रचार प्रसार सामाग्रीहरु न. पा. ले तोकेको दररेटमा विज्ञापन शुल्क उठाउने कार्य ठेक्काबाट गर्नु/गराउनु पर्ने भएकोले आर्थिक वर्ष २०७६/०७७ (२०७६ साल श्रावण १ गते देखि २०७७ साल आषाढ मसान्त सम्म) बर्ष १ (एक) को लागि मुल्य अभिवृद्धि कर (भ्याट) बाहेक न्यूनत्तम वार्षिक अंक रु ५०,००,०००।–(पचास लाख) मा नघट्ने गरी इच्छुक व्यक्ति वा फर्मले मुल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भई नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि तथा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी आफूले ठेक्का लिन चाहेको अङ्क खोली देहायका शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

**शर्तहरु :–**

१) बोलपत्र फाराम र शर्तहरुको सुची यस कार्यालयको राजश्व शाखाबाट रु.३,०००।–(पछि फिर्ता नहुने गरी ) तिरी खरिद गर्न सकिने छ।

२) बोलपत्रदाताले निवेदन दस्तुर वापत रु.१०।– (दश) नगद सहित कवोल गर्ने कुल रकमको ५% (पांच प्रतिशत) रकम यस कार्यालयको कृषि विकास बैंक लि.,सिद्धार्थनगर स्थित धरौटी खाता नं (ग-३)०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर/ नगद वा ने.रा.बैंक वाट मान्यता प्राप्त बैंकको ७५ दिन म्याद भएको विडबण्ड पेश गर्नु पर्नेछ।

३) यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ। नगर क्षेत्र भन्दा बाहिर स्थायी ठेगाना भएका फर्महरुको हकमा बोलपत्र खरिद गर्दा सोही आ.ब.वर्षको न.पा.मा व्यवसाय कर दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ।

४) बोलपत्र स्वीकृतिको सुचना पाएको वा घरदैलोमा सुचना टांस भएको मितिले ७ (सात) दिन भित्र ठेकका अङ्को प्रथम किस्ता ( छ महिनाको एक किस्ता ) रकम र १३% मु.अ.कर समेत दाखिला गर्नु पर्नेछ। र दोस्रो किस्ता रकम जम्मा गर्दा पनि १३% मु.अ.कर समेत अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ। बांकी किस्ताको लागि ठेक्का अवधीभर मान्य अवधी रहेको बैंक ग्यारण्टी पेश गरी पट्टा उठाउनु पर्ने छ। तोकेको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुनेछ।

**५) बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान :–**

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औं दिन दिनको कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ।

**६) बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान :–**

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट सोही समय भित्र, यस कार्यालयमा बोलपत्र दर्ता गर्न सकिने छ।

**७) बोलपत्र खोलिने स्थान, मिति र समय :–**

क) यस कार्यालयवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै पछि कार्यालय खुलेको दिनको १:०० बजे बोलपत्र खोलिने छ।

ख) दर्ता भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

८) कार्यालय बाट बिक्री नभएको,दस्तखत नभएको र शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन।

९) नगरपालिकाले तोकेको दररेटमा तथा तोकेको स्थानमा मात्र ठेकेदारले विज्ञापन शुल्क उठाउन पाउने छ।

१०) रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२) यसमा नपरेका अन्य कुराहरु सम्झौताका साथै प्रचलित ऐन, नियम अनुसार हुनेछ।

१३) व्यक्तिको हकमा बोलपत्र स्वीकृत भए पछि सम्झौता गर्न आउंदा मुल्य अभिवृद्धि कर मा दर्ता गरेको प्रमाण पेश गर्नु पर्नेछ।

१४) कबुल रकम एकमुष्ठ बुझाएमा १० (दश) प्रतिशत छुट दिइने छ।

१५) यस सम्वन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner